नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सङ्घीय मामिला शाखा

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

प.सं.२०८१/८२
च.नं.

सिंहदरबार, काठमाण्डौ ।

मितिः २०८२।०१।२२
११४५, बछलाध्व अष्टमी

### सर्वसाधारणको राय माग गरिएको सूचना

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर देहाय बमोजिमको ढाचामा federal.affairs1@gmail.com मा सात दिनभित्र आफ्नो दिनभित्र आफ्नो राय उपलब्ध गराईदिनु हुन सम्पूर्ण सर्वसाधारण समक्ष अनुरोध छ।

#### विधेयकमा सर्वसाधारणले राय सुझाव दिने सम्बन्धी ढाँचा

१. सुझाव दिने व्यक्तिको नाम, थरः
२. सम्पर्क नम्बर/इमेलः
३. विधेयकको नामः
४. सुझावः
(क) सम्बन्धित दफा/उपदफाः

(ख) सुझाव र को कारणः

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

### <u>तर्जुमा गर्नुका कारण र त्यसले पार्ने प्रभाव</u>

१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः

- हाल प्रचलनमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको स्थानीय तहको वडा सङ्ख्या र सीमाना हेरफेर सम्बन्धी व्यवस्था कार्यान्वयनलाई स्पष्ट गर्न
- वडाको केन्द्र तोक्ने निर्णय गर्दा सभाका सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाईले प्रस्ताव पारित गर्ने व्यवस्था गर्न
- कुनै गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर भएको सूचना सबैको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गर्ने व्यवस्था गर्न
- सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणा गर्ने कार्यमा एकरुपता कायम गर्न

उपरोक्त लगायतका विभिन्न ३० वटा विषयमा संशोधन तथा विषय थपको प्रस्ताव रहेको छ।

२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

- स्थानीय तहबाट प्रवाह हुने सेवा गुणस्तरीय र सरल हुन गई सेवाग्राहीले सहजरुपमा सेवा प्राप्त गर्ने र सरकारको सेवा प्रवाह प्रणालीमा सुधार आई मौलिक हक तथा मानव अधिकार प्रभावकारी रुपमा प्राप्त गर्ने भएकोले सकारात्मक प्रभाव पर्ने।

३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

- हाल प्रचलित स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्न तयार गरिएको प्रस्तुत विधेयक हाल कायम रहेकै व्यवस्थाबाट कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार नपर्ने।

४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन मस्यौदाले दिगो विकास हासिल गर्न तोकिएका प्रायः सबै लक्ष्य हासिल गर्न सहयोग पुग्ने।

५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन मस्यौदाले तीनै तहका सरकारका साझा र एकल अधिकारको कार्यान्वयनमा सहजता हुने भएइकोले सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने।

६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधन मस्यौदाबाट स्थानीय तहको कार्यक्षेत्रमा कार्य सरलीकरण एवं प्राकृतिक स्रोतको परिचालनमा प्रभावकारिता हुन गई जलवायु अनुकूलनमा सहयोग पुग्ने।